# सौर्य दैनिक
SOURYA NATIONAL DAILY

वर्ष ९ | अंक ९१ | बुधबार, ७ जेठ २०७७ | Wednesday, 20 May 2020 | www.souryonline.com | पृष्ठ : ४ | मूल्य रू. ५







भारतलाई प्रधानमन्त्री ओलीको प्रश्न

# ‘सत्यमेव जयते कि सिंहमेव जयते ?’



■ सौर्य समाचार

काठमाडौं । प्रधानमन्त्री केपी शर्मा ओलीले लिम्पियाधुरा, कालापानी र लिपुलेक नेपालकै भएको र भारतले अतिक्रमण गरेर विवादित बनाएको प्रष्ट पारेका छन् । उनले विगत लामो समयदेखी सो भुभागमा सेना राखेर भारतले विवादित बनाएको बताउदै त्यसलाई सौहार्द वातावरणमा छलफल गरेर फिर्ता ल्याइने घोषणा गरेका हुन् ।

संसदमा मंगलबार सरकारको नीति तथा कार्यक्रममा सांसदले उठाएका प्रश्नको जवाफ दिने क्रममा उनले लिम्पियाधुरा, कालापानी र लिपुलेकको विषय अब ओझेलमा पर्न नदिने स्पष्ट पारे । ‘भारतीय सेना कालापानीमा बसेपछि त्यसपछि कालापानीमा जान ब्लक भयौं । त्यसबेलाका शासकहरूले बोल्न डराए । वर्तमान सरकारको तर्फबाट प्रधानमन्त्रीको हैसियतले अवगत गराउन चाहन्छु कि लिपुलेक, लिम्पियाधुरा र कालापानीको विषय ओझेल पर्न दिने छैनौं’, उनले भने, ‘हाम्रो भूमि भारतले अकुपाइ गरेर, अर्घेल्याइँ गरेर विवादित बनाइएको हो ।’

कूटनीतिक माध्यमबाट वार्ता गरेर उक्त भूमि फिर्ता ल्याउने प्रधानमन्त्रीको भनाइ थियो । ठोस रूपमा कूटनीतिक प्रयास गर्ने उनको भनाइ थियो । कुटनीतिक संवादमार्फत नेपाली भूमि फिर्ता लिन सकिने सरकारको विश्वास रहेको भन्दै उनले भारतको प्रतिक चिन्हसँग जोडिएको प्रश्न उठाएका छन् । ‘भारतको एउटा प्रतिक चिन्ह छ । अशोकाले स्थापना गरेको चारमुखे सिंह । त्यसको मुनि सत्यमेव जयते लेखेको छ । म भारतसँग सोध्नेवाला छु, सत्यमेव जयते कि सिंहमेव जयते ?’, उनले अगाडी भने, ‘नेपाल विश्वास गर्छ, सत्यमेव जयते । हामी हाम्रो भूमि फिर्ता गर्न सक्छौं किनभने सत्यमेव जयते ।’

प्रधानमन्त्री ओलीले कुनै देखावा गर्नका लागि सरकारले नक्सा जारी गर्ने कदम नचालेको पनि स्पष्ट पारे । एक दुई दिनमा नक्सा जारी गरिने बताउदै तत्कालै यसका लागि संविधान संशोधन गर्नुपर्ने पनि जानकारी गराए । उनले यसका लागि सरकारले संसदमा संविधान संशोधनको प्रस्ताव ल्याउने स्पष्ट पारे ।

प्रधानमन्त्री ओलीले लिपुलेक हुँदै भारत र चीनबीच व्यापारिक मार्ग खोल्ने ती दुई देशबीच भएको भनिएको समझदारीबारे चीनसँग पनि कुरा गरेको जानकारी गराएका छन् । चीनले परम्परागत तीर्थयात्रा गर्ने मार्गका रूपमा मात्र आफूले त्यसलाई लिएको भन्दै त्यो विषय सीमा वा त्रिदेशीय सीमा विन्दु निर्धारणसँग नजोडिएको जानकारी नेपाली अधिकारीलाई गराएको प्रधानमन्त्रीले संसद्लाई जानकारी दिए । सन् २०१५ मा भारत र चीनका प्रधानमन्त्रीबीच लिपुलेक हुँदै व्यापारिक मार्ग विस्तार गर्ने समझदारी भएको थियो ।

‘हाम्रो सरकारी प्रतिनिधिले चीन सरकारका अधिकारीसँग छलफल गर्नुभएको छ । चीन सरकारका अधिकारीले त्यो परम्परागत तीर्थयात्राको मात्रै कुरा भएको हो भन्नुभएको छ । यसले सीमासम्बन्धी वा त्रिदेशीय विन्दु पहिल्याउने विषयबारे कुनै असर गर्दैन भन्नु भएको छ’, उनले संसदमा भने, ‘यस कुरामा भारतले नेपालसँग पनि कुरा गर्नुपर्छ, यो सीमासँग सम्बन्धित छैन भनेर चीनले हामीलाई स्पष्ट पारेको छ । चीनले हामीलाई बताए अनुसार यो कुरा चीनले भारतलाई पनि जानकारी गराएको छ ।’

प्रधानमन्त्री ओलीले संसदबाट भारतीय सेनापतिको भनाई राष्ट्रियताको अवमुल्यन भएको बताए । सीमाको विषयमा बोल्दा अरु कसैले उकासेको भन्नु नेपाली राष्ट्रियताको अवमूल्यन भएको बताउदै भने,‘हामीलाई कसैले यदि अरुले उकासेको भन्ने जस्ता शब्दहरु प्रयोग गर्छ भने त्यो नेपाली राष्ट्रियतामाथिको अण्डरमाइण्ड गरिएको कुरा हो ।’ नेपाल विश्वमा अरुको गुलाम नभएको ९ मध्ये एक देश भन्दै प्रधानमन्त्रीले भने ‘ब्रिटिशको प्रवेशलाई चीनले रोक्न सकेन । भारतले रोक्न सकेन । नेपालले खुकुरी नामको सानो चक्कुको भरमा रोके ।’

**‘एमसीसीको निर्णय संसदले गरोस’**

प्रधानमन्त्री ओलीले मिलेनियम च्यालेन्ज कर्पोरेसन (एमसीसी)को निर्णय संसदले गरिदिनुपर्ने बताएका छन् । अघिल्लो सरकारले गरेको सम्झौताको वर्तमान सरकारले निरन्तरता दिएको बताउँदै उनले एमसीसी सदनमा पेस भएकाले सदनबाटै छलफल गरी निर्णयमा पुग्नुपर्ने बताए ।

प्रधानमन्त्रीले भने,‘हामीसँग यति धेरै विजुली उत्पादन भइरहेको छ । तर त्यसको प्रशारण लाइन छैन अनि प्रशारण लाइन नबनाएर हुन्छ ? एमसीसी अघिल्लो सरकारकै बेलामा सम्झौता भएका कारणले अहिलेको सरकारले संसदमा टेवल मात्रै गरेको हो । अघिल्लो सरकारले गरेको काम मैले गरेको होइन भनेर छाड्न मिल्दैन । त्यसको पालना गरेन भने स्थायीत्व, नीतिहरुको बारेमा गम्भिर समस्या आउँछ । दुई देशका बिचमा भएका सम्झौता कार्यान्वयन भएन भने त्यसले कुटनीतिक समस्या सिर्जना हुन्छ ।’ उनले एमसीसी अनुमोदन गरेपनि नगरेपनि यही संसदले गर्नुपर्ने बताउदै सरकारले टेबल गरेको जानकारी गराए ।

‘यो विषयमा पार्टीहरुका बीचमा छलफल हुनसक्छ । सांसदहरुका बीचमा पनि छलफल हुनसक्छ । तर सरकारले गरेका सम्झौता कार्यान्वयन नगर्न हुँदैन । एमसीसी कहाँ लेखेको छ र ? नीति तथा कार्यक्रममा ? एमसीसी पास भए पनि नभएपनि विद्युत प्रशारण लाइन भोलिका लागि निर्माण गर्छ’, प्रधानमन्त्री ओलीको भनाई थियो ।

# विदेशबाट नेपालीको उद्धार गरिने



■ सौर्य समाचार

काठमाडौं । सरकारले विदेशमा अलपत्र परेका नेपालीलाई उद्धार गर्ने योजना बनाएको छ । पहिलो चरणमा उद्धार गरिहाल्नुपर्ने अवस्थामा रहेका नेपालीलाई मात्र उद्धार गरिने भएको हो ।

विदेशमा करिव ४२ लाखको हराहारीमा नेपाली रहेको त्यसमध्ये करिव १३ लाखको उद्धार गर्नुपर्ने हुन सक्ने आँकलन सरकारले गरेको छ । एकैचोटी उद्धार गर्न नसक्ने बताएको सरकारले विभिन्न चरण गरेर ल्याउने भएको हो । प्रधानमन्त्री केपी शर्मा ओलीले आइतवार र सोमबारको मन्त्रिपरिषद् बैठकमा उद्धारको ठोस खाका बनाउन निर्देशन दिएपछि त्यससँग सम्वन्धित मन्त्रालय र उच्चस्तरीय समन्वय समितिले योजना बनाउन थालेका हुन् । समितिले सम्वन्धित मन्त्रालयका सचिव समेत रहेको सानो कमिटि बनाएर मोडालिटी बनाएको छ । उद्धारको मोडालिटी अन्तिम चरणमा पुगेको र बुधबार टुंगो लगाइने भएको स्रोतले जानकारी दिएको छ ।

मंगलबार बसेको उच्चस्तरीय समन्वय समितिको बैठकमा विदेशबाट फर्किन चाहनेहरूको लागि कसरी ल्याउने र व्यवस्थापन गर्ने भनेर छलफल गरेको छ । उच्चस्तरीय समन्वय समितिले कार्ययोजना बनाउने र त्यसलाई मन्त्रिपरिषदले अन्तिम रूप दिनेछ । अहिले कार्ययोजना कमिटिले बनाईरहेको छ । जसमा विभिन्न चरणमा गरेर उद्धार गर्ने, ल्याएर क्वारेन्टाइनमा राख्नुपर्ने भएकाले ७ सय ५३ स्थानीय तहका वडामा क्वारेन्टाइन बनाउनुपर्ने, विमानस्थलमै स्वास्थ्य जाँच गर्नुपर्ने, सेनाको सहयोगमा उनिहरुलाई सम्वन्धित स्थानसम्म पुऱ्याउनुपर्ने लगायतका योजना बनाएको छ ।

विदेशबाट फर्किनेहरूका लागि व्यवस्थापकीय नेतृत्व गर्नका लागि सातै प्रदेशका लागि संघीय सरकारका मन्त्रीहरूलाई जिम्मेवारी दिइएको छ । प्रदेश-१ का लागि भौतिक मन्त्री बसन्त नेम्वाङ, प्रदेश-२ का लागि श्रम मन्त्री रामेश्वर राय, बागमती प्रदेशका लागि महिला बालबालिका तथा जेष्ठ नागरिकमन्त्री पार्वत गुरुङ, गण्डकी प्रदेशका लागि भूमि व्यवस्था मन्त्री पद्मा अर्याल, प्रदेश-५ का लागि ऊर्जा मन्त्री वर्षमान पुन, कर्णाली प्रदेशका लागि शक्तिबहादुर बस्नेत र सुदूरपश्चिम प्रदेशका लागि उद्योग वाणिज्यमन्त्री लेखराज भट्टलाई जिम्मेवारी दिइएको छ ।

विदेशबाट फर्किएकाहरूलाई नेपालको सीमाना र काठमाडौंदेखि घरसम्म पुऱ्याउने योजना कोभिड-१९ क्राइसिस म्यानेजमेन्ट टिम(सिसिएमसी)ले पनि बनाइसकेको छ । सिसिएमसीले तयार पारेको प्रस्तावित योजनामा १३ लाखभन्दा बढी फर्किने अनुमान गरिएको छ । नेपाल आइसकेपछि उनीहरूका

बाँकी पृष्ठ २

# नेपाल-भारतबीच संवादबाट विवाद टुंगियोस्-चीन

■ सौर्य समाचार

काठमाडौं । चीनले कालापानीबारे उठेको विवाद नेपाल र भारतको भएकाले संवादबाट सुल्झाउनुपर्ने बताएको छ । यद्यपी उसले सो समस्या आफुसँग नजोडिएको स्पष्ट पारिदिएको छ । ‘यो मामला नेपाल र भारतबीचको’ भएको उसले टिप्पणी गरेको छ ।

‘नेपाल-भारत दुवैले आपसी मैत्री संवादको उपायद्वारा यो मुद्दा सुल्झाउनेमा चीन विश्वस्त छ,’मंगलबार चिनियाँ विदेश मन्त्रालयमा आयोजित पत्रकार सम्मेलनमा प्रवक्ता झाओ लिजियानले भने । बेइजिङमा भएको नियमित पत्रकार सम्मेलनमा विदेश मन्त्रालयका प्रवक्ता झाओ लिचियानले दुवै देशले एकतर्फी काम रोक्न पनि सुझाएका छन् ।

उनलाई नेपाल-भारत सीमा विवाद र भारतीय स्थल सेनाका प्रमुख एमएम नरवानेले दिएको ‘नेपालले अरूकै इशारामा लिपुलेक जोड्ने सडकको विरोध गरेको’ भन्ने अभिव्यक्तिमा टिप्पणी गर्न भनिएको थियो । ‘कालापानी विवाद नेपाल र भारतबीचको विवाद हो र हामीले आशा गर्दैछौं दुई देशले मैत्रीपूर्ण छलफलबाट समाधान निकाल्नेछन्’, झाओले भने । उनले एकतर्फी कामले परिस्थितिलाई जटिल बनाउनसक्ने भन्दै नेपाल र भारत त्यस्तो कामबाट टाढै रहनुपर्ने पनि बताए ।

# ४ सय नाघ्यो संक्रमितको संख्या

■ सौर्य समाचार

काठमाडौं । कोभिड-१९ को संक्रमणको सख्या ४ सय नाघेको छ । मंगलबार २७ जनामा देखिएपछि यो सख्या ४ सय २ पुगेको हो । स्वास्थ्य तथा जनसख्या मन्त्रालयका प्रवक्ता डा विकास देवकोटाले विभिन्न ठाउँमा गरिएको स्वास्थ्य परीक्षणमा विभिन्न १३ जिल्लाका २७ जनामा संक्रमण देखिएको जानकारी दिए ।

उनका अनुसार झापाका नौ, मोरङ एक, सुनसरी एक, सर्लाही दुई, मकवानपुर एक, भक्तपुर एक, काठमाडौं तीन, ललितपुर एक, सिन्धुली एक, कपिलवस्तु चार, नवलपरासी एक, रामेछाप एक र लमजुङका एकजनामा संक्रमण देखिएको छ । यसैगरी ३६ जिल्लामा संक्रमण देखिएको उनले बताए । मंगलबार देखिएका संक्रमितमा २४ पुरुष र तीन महिला छन् । प्रवक्ता डा देवकोटाले संक्रमितको हाल र स्थायी ठेगानाअनुसार कन्ट्याक्ट ट्रेसिङ इपिडिमियोलोजी तथा सरुवा रोग नियन्त्रण महाशाखाले गरिरहेको बताए । उनले कोशी अस्पतालबाट एकजना थप स्वस्थ भई घर फर्किएको जानकारी पनि दिए ।

यसैबीच, सार्वजनिक स्वास्थ्य संस्थाले पनि कोभिड-१९ को परीक्षण गर्न पाउने भएका छन् । मन्त्रालयले कोभिड-१९ को परीक्षणको दायरा बढाउनका लागि सार्वजनिक संस्थालाई पनि परीक्षण गर्ने नीतिगत निर्णय गरेको प्रवक्ता डा देवकोटाले जानकारी दिए ।

मन्त्रालयले राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालाबाट तोकिएको मापदण्ड र गोपनियता राख्ने शर्तमा ति सार्वजनिक स्वास्थ्य संस्थालाई परीक्षण गर्न दिइने भएको हो । लक्षण नभएका स्वदेशी तथा विदेशी व्यक्तिले शुल्क तिरेर ति संस्थाबाट कोभिड-१९ परीक्षण गराउने पाउने छन् । अहिले एक जनालाई

बाँकी पृष्ठ २

महाकाली सन्धिका चौबीस वर्ष

# कार्यान्वयनमा भारतको आलटाल



■ शेरबहादुर सिंह/रासस

भिमदत्त । नेपाल-भारत एकीकृत महाकाली सन्धि भएको २४ वर्ष बितिसक्दा पनि भारतीय पक्षले सन्धि कार्यान्वयनमा आलटाल गर्दै आएको छ । सन्धि कार्यान्वयन हुनुपर्नेमा कूटनीतिक तहदेखि जनस्तरबाट पनि आवाज उठ्दै आएको भए पनि कार्यान्वयनमा ढिलासुस्ती गर्दा महाकाली सिँचाइ तेस्रो चरणको नहरमा घाँस पलाउनाका साथै महाकाली पारि दोधारा चादँनी काम किसान सिँचाइका लागि नहर आउने आशमै बसेका छन् ।

एकीकृत विकाससम्बन्धी गरिएको उक्त सन्धिको धारा (२) को उपधारा (२) ‘क’ मा भारतले टनकपुर बाँधबाट नेपालले पाउने पानी प्रवाहित गर्नका लागि हेड रेगुलेटर र नेपालको सीमासम्म नहर निर्माण गर्नुपर्ने उल्लेख थियो । भारतले केही समयअघि करीब १२ सय मिटर नहर निर्माणको काम शुरु गर्ने सुरसार गरे पनि गति दिएको छैन ।

यता महाकाली सिँचाइ आयोजना तेस्रो चरण भने १३ किलोमिटर मूल नहर निर्माण गरेर थप १५ किलोमिटर निर्माणाधीन अवस्थामा छ । तेस्रो चरणको काम आर्थिक वर्ष २०६३/६४ देखि भीमदत्त नगरपालिकाको ब्रह्मदेव क्षेत्रबाट थालिएको थियो । मूल नहरको मुहानमै काम नहुँदा नेपाली पक्षले पनि निर्माण भएको १३ किलोमिटर नहरमा पानी ल्याउन सक्ने अवस्था छैन । ‘बनेको नहरबाट शाखा नहर बनाएर केही क्षेत्रफलमा भए पनि सिँचाइ पुऱ्याउनुपर्ने हो’, ब्रह्मदेवका स्थानीय विक्रम नाथले भने, ‘तर यहाँ नहर घाँसले ढाकिने अवस्थामा पुगिसक्दा पनि प्रक्रिया थालेको देखिन्न ।’

महाकाली सिँचाइ आयोजना तेस्रो चरणका निर्देशक प्रचण्डदेव विष्टले टनकपुर ब्यारेज नजीक नेपाली पक्षलाई सिँचाइका लागि पानी दिन नहर निर्माण अघि बढाएको बताए । टनकपुरबाट एक हजार क्युसेक पानी पाउने सहमतिअनुसार कैलालीको मालाखेतीसम्म ३३ हजार हेक्टर जमीनमा सिँचाइ पुऱ्याउने आयोजनाको लक्ष्य रहेको छ ।

त्यसैगरी सन्धिअनुसार महाकाली नगरपालिका (दोधारा चाँदनी)लाई सिँचाइका लागि दिनुपर्ने पानी दिनसमेत भारतीय पक्ष तयार छैन । ‘पञ्चेश्वर बनेपछि मात्रै दोधारा चाँदनीका लागि पानी दिन्छौं भन्ने भारतीय पक्षको अनौपचारिक भनाइ छ’, महाकाली

बाँकी पृष्ठ २

■ सौर्य समाचार

# उपत्यका प्रवेश गर्ने सबै नाका सिल गर्न माग

काठमाडौं । काठमाडौं महानगरपालिकाले कोरोना रोकथाम र नियन्त्रणका लागि लकडाउन अवधिभर उपत्यका प्रवेश गर्ने सबै नाका सिल गर्न नेपाल सरकारसँग माग गरेको छ । विश्वभरि फैलिएको कोरोना भाइरसले पछिल्लो समय काठमाडौं उपत्यकामा पनि सङ्क्रमण बढ्दै गइरहेकाले कामपाको ४६औं विशेष नगर कार्यपालिका बैठकको निर्णयले यस्तो आग्रह गरेको हो ।

'कोभिड-१९ को रोकथाम र नियन्त्रणका लागि सरकारले घोषणा गरेको लकडाउनको अवधिमा उपत्यका प्रवेश गर्ने प्रवेश विन्दु (नाका) बाट अत्यावश्यक सेवा प्रवाहमा संलग्न सवारी साधन तथा पासको दुरुपयोग गरी उपत्यका प्रवेश गर्ने क्रम नरोकिएको भन्दै कामपाले यस किसिमको आग्रह गरेको हो ।

प्रवक्ता ईश्वरमान डङ्गोलले काठमाडौंमा कोरोना भाइरस सङ्क्रमणको खतरा बढ्दै गएकाले यसको रोकथाम र नियन्त्रणका लागि लकडाउन अवधिभर उपत्यका प्रवेश गर्ने सबै नाका सिल गर्न नेपाल सरकार, गृह मन्त्रालय र जिल्ला प्रशासन कार्यालय काठमाडौंलाई लेखी पठाउने निर्णय बैठकमा भएको जानकारी दिए । त्यसैगरी लकडाउनको अवधिमा कोही व्यक्ति अत्यावश्यक कामका लागि काठमाडौं उपत्यकाभित्र प्रवेश गर्नुपर्ने भए निजको प्रस्थानविन्दुमै कोभिड-१९ को परीक्षण गरी रिपोर्ट नेगेटिभ आएको पुष्टि भएपछि मात्र उपत्यकामा प्रवेश गर्न अनुमति दिने व्यवस्था मिलाउनुपर्ने पनि बैठकमा जारी विज्ञप्तिमा भनिएको छ ।

लकडाउनको उल्लङ्घन गरी अनुमति नलिई लुकीछिपी काठमाडौं उपत्यका प्रवेश गर्ने व्यक्ति र निजलाई सहयोग पुर्‍याउने व्यक्तिलाई समेत कारवाही गर्न पनि माग गरिएको छ । क्वारेन्टिन व्यवस्थापन गर्न बनेको मापदण्ड, २०७६ बमोजिम कामपा क्षेत्रमा आवश्यक सङ्ख्यामा क्वारेन्टिन सञ्चालन र व्यवस्थापन गर्न पनि माग गरिएको छ । अत्यावश्यक सार्वजनिक सेवा प्रवाहमा संलग्न जनप्रतिनिधि, कर्मचारी, स्वास्थ्यकर्मी, सञ्चारकर्मी, सुरक्षाकर्मीको कोरोना भाइरससम्बन्धी परीक्षणको अविलम्ब व्यवस्था मिलाउन पनि नेपाल सरकारलाई अनुरोध गरेको डङ्गोलले जानकारी दिए । कोभिड-१९ को सङ्क्रमण बढ्दै गएको र यसका लागि लकडाउनको अवधि पनि थप हुँदै गएको सन्दर्भमा समाजमा चोरी, घरेलु हिंसा, मानसिक रोगजस्ता सामाजिक समस्या देखापर्ने सम्भावना देखिएकाले यसतर्फ पनि ध्यान दिन आग्रह गरिएको छ ।

## विदेशबाट...

लागि गर्ने क्वारेन्टाइनको व्यवस्था लगायतको व्यवस्थापनका लागि नेपाली सेनालाई जिम्मेवारी दिने प्रस्ताव गरिएको छ । प्रस्तावित योजनामा कुन मन्त्रालयले के काम गर्ने, प्रदेश र स्थानीय सरकारले के गर्ने भनेर समेत जिम्मेवारी बाँडफाँट गरिएको छ ।

सिसिएमसीले बनाएको प्रस्तावित योजनालाई उच्चस्तरीय समन्वय समितिमा छलफल गरेर मन्त्रिपरिषदले पारित गरेपछि त्यसको कार्यान्वयन हुनेछ । तत्कालै सो योजना पारित भए सबैभन्दा पहिला अष्ट्रेलियामा रहेका नेपाली स्वदेश फर्किन पाउनेछन् । नेपाल वायुसेवा निगमले बिसब्रेनमा केही दिनभित्र चार्टर उडान गर्दैछ । सो जहाज फर्किदा त्यहा रहेका नेपालीलाई लिएर आउने अष्ट्रेलियास्थित नेपाली दूतावासले जानकारी दिएको छ ।

सरकारले विशेषगरी खाडीका कोरोना प्रभावित मुलुक र मलेसियाबाट नेपाली उद्धार गर्नेलाई पहिलो प्राथमिकता दिने भएको छ । त्यहा भिसा सकिएका, कामबाट निकालिएका, रकम अभाव भएर राजदूतवास वा विभिन्न संघसस्थाको शरणमा रहेकालाई उद्धार गरिने भएको छ ।

## ४ सय नाघ्यो...

परीक्षण गराउन करिब रु १५ हजार लाग्ने गर्दछ । मन्त्रालयका विज्ञ सल्लाहाकार डा खेम कार्कीले पहिलो चरणमा सार्वजनिक संस्थालाई र विस्तारै निजी स्वास्थ्य संस्थालाई दिने बताए । अहिलेसम्म सम्भावित संक्रमितलाई सरकारले निःशुल्क रुपमा पिसिआर परीक्षण गराइरहेको छ । सरकारले अहिले १९ ठाउँबाट पिसिआर परीक्षण गरिरहेको छ ।

यसैगरी अहिलेसम्म पिसिआरबाट ३२ हजार ६०४ जना र आरडीटीबाट ७४ हजार ६४९ जनामा परीक्षण गरिएको छ । गत २४ घण्टामा पिसिआरबाट २ हजार २८० र आरडीटीबाट पाँच हजार ८९ जनाको परीक्षण गरिएको छ । क्वारेन्टिनमा २१ हजार ६२३ जना र आइसोलेशनमा ४५७ जना रहेका छन् । मन्त्रालयले प्रदेश-२ र ५ मा केन्द्रबाट १०, १० जनाको चिकित्सकको टोली चाडै नै पठाउने भएको छ । ति प्रदेशमा संक्रमण बढेपछि मन्त्रालयले चिकित्सकको टोली चाडै पठाउन लागेको मन्त्रालयका प्रवक्ता डा देवकोटाले जानकारी दिए । उनका अनुसार ती चिकित्सकको टोलीले ति प्रदेशका संक्रमित फैलिएको ठाउँलाई केन्द्रविन्दु बनाएर कोभिड-१९ रोकथाम र नियन्त्रण गर्ने छन् ।

**चिकित्सकलाई पनि संक्रमण**

इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखाका एकजना चिकित्सकमा कोरोना संक्रमण देखिएको छ । ललितपुरमा संक्रमित पुष्टि भएका व्यक्ति चिकित्सक भएको स्वास्थ्य मन्त्रालयले पुष्टि गरेको हो ।

स्वास्थ्य मन्त्रालयका सहप्रवक्ता डा. समिर अधिकारीले ललितपुरमा संक्रमण पुष्टि भएका व्यक्ति चिकित्सक भएको पुष्टि गरे । कन्ट्याक्ट ट्रेसिङमा खटिएका उनलाई संक्रमण देखिएको हो । मन्त्रालयका अनुसार संक्रमित पुष्टि भएका चिकित्सक केही दिनअघि संक्रमणको जोखिम देखिएको कपिलवस्तु र रूपन्देहीमा संक्रमितहरूको कन्ट्याक्ट ट्रेसिङ गर्न गएका थिए । रोग नियन्त्रण महाशाखाले उनीसँग सम्पर्कमा रहेका कर्मचारी लगायतको विवरण संकलनको काम गरिरहेको छ । ती चिकित्सक भने तराईका जिल्लाबाट फर्किएर आएपछि होम क्वारेन्टाइनमा बसिरहेका छन् ।

## कार्यान्वयनमा...

महाकाली सिँचाइ तेस्रो चरणका निर्देशक विष्टले भने, ' हामीले भारतलाई विस्तृत अध्ययन प्रतिवेदन (डिपिआर) बनाएर दिएको पनि सात/आठ वर्ष बितिसक्यो ।'

सन्धिमा दोधारा चाँदनीलाई तीन हजार पाँच सय हेक्टर क्षेत्रफल सिँचाइका लागि पानी पुर्‍याउनुपर्ने भए पनि भारतीय पक्षको बेवास्ताका भइरहेको छ । 'सन्धिअनुसार बनबासा पुल नजीकको शारदा नहरबाट भारतले ३५३ क्युसेक पानी दोधारा चाँदनीलाई दिनुपर्ने उल्लेख छ', विष्टले भने । नेपाली पक्षले केही वर्षअघि दोधारा चाँदनीमा मूल नहर निर्माणका लागि रु साढे चार वर्ष लागत अनुमानसहित डिपिआर तयार गरेर दिएको छ ।

जलस्रोत विज्ञसहित दुवै देशका सचिवस्तरको संयुक्त बैठकले शारदा नहरबाट पानी दिने विषय छ महिनाभित्र सहमतिबाट टुंगो लगाउने निर्णयसमेत गरेका थिए । सो अवधि गत भदौमा (नौ महिनाअघि) सकिएको छ । शारदा नहरदेखि नेपाल-भारत सिमानासम्म करीब एक किलोमिटर नहर भारतले बनाइदिनुपर्ने हो ।

विसं २०५२ माघ २९ गते तत्कालीन प्रधानमन्त्री शेरबहादुर देउवा र भारतीय प्रधानमन्त्री पिभी नरसिंह रावबीच महाकाली सन्धि भएको थियो । जिविस पूर्वसभापति ऋषिराज लुम्साली भारतले महाकालीबाट पानी दिनेमा आशंका व्यक्त गर्छन् । 'सन्धि गर्दा नै भारतीयले पानी दिँदैनन् भन्ने कुरा सायद हाम्रा नेताहरुलाई पनि थाहा थियो होला ।' लुम्सालीले भने, '२४ वर्ष बित्यो खै त हामीलाई पानी दिएको ?' उनले लामो समयदेखि भारतले संरचना बनाउँछु, पानी दिन्छु भनेर आश्वासन मात्रै दिँदै आएको बताए ।

त्यसैगरी महाकाली नगरपालिकाका नगरप्रमुख वीरबहादुर सुनारले दोधारा चाँदनीलाई दिनुपर्ने पानीका विषयमा जनप्रतिनिधिहरुले माथिल्लो निकायसित पनि गुहार माग्दा सुनुवाइ नभएको बताए । 'यहाँ आउने हरेक मन्त्रीदेखि नेतासम्मलाई सिँचाइका लागि भारतले दिनुपर्ने पानीको विषयमा कुरा गर्ने, ज्ञापन बुझाउने काम धेरै गर्‍यौं ।' उनले भने, 'पञ्चेश्वर बनेपछि मात्रै पानी दिन्छु भन्नु गलत कुरा हो ।' त्यसैगरी केही वर्षअघि पञ्चेश्वर जलविद्युत् परियोजनाको काम अगाडि बढाउने तयारीका साथै भीमदत्तनगरमा केन्द्रीय कार्यालय स्थापना गरिए पनि अहिले उक्त विषय ओझेलमा परेको छ ।


**SUNDARHARAINCHA MUNICIPALITY**
**Office of Municipal Executive**
**Biratchowk, Morang**
**Province No. 1, Nepal**

**सिलबन्दी दरभाउपत्रको सूचना सच्याइएको**

**प्रकाशित मिति २०७७/०२/०७**

यस कार्यालयको मिति २०७७/०२/०१ मा प्रकाशित सूचना अनुसार ठेक्का नं.SHM/MOR/SQ/W/31/2076-077 सुर्य कट्टेलको घरबाट हुलाकी मार्ग जोड्ने सडक कालोपत्रे कार्यको लागी भएको सुचनामा प्रकाशित मिती २०७७/०२/०१, सिलबन्दी दरभाउ पत्र खरिद गर्ने अन्तिम मिति २०७७/०२/१५ गते कार्यालय समय भित्र, सिलबन्दी दरभाउ पत्र दर्ता (Submitted) गर्ने अन्तीम मिती २०७७/०२/१६ गते दिनको १२ बजे सम्म र बोलपत्र खोल्ने (Opened) मिती २०७७/०२/१६ गते अपरान्ह २.०० बजे पछी हुनुपर्नेमा अन्यथा भएकोले सच्याइ यो सूचना प्रकाशित गरिएको छ ।

**SUNDARHARAINCHA MUNICIPALITY**
**Office of Municipal Executive**
**Biratchowk, Morang**
**Province No. 1, Nepal**

**Invitation for Sealed Quotation for the procurement of Supply and Delivery of Machine made Gabion Box**

**Sealed Quotation No: SHM/MOR/SQ/33/2076-077**
**Date of first Publication : 2077/02/07**

1. The Sundarharaincha Municipality invites sealed quotations from registered Suppliers for the supply, delivery of Machine made Gabion Boxestimated amount of Rs.17,05,750( Without VAT)
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of [Sundarharaincha Municipality, Biratchowk, Morang, 021-545822.
3. A complete set of Bidding Documents may be purchased from the office Sundarharaincha Municipality, Biratchowk, Morang by eligible Bidders on the submission of a written application, along with the copy of company/firm registration certificate, and upon payment of a non-refundable fee of NRs. 1000.00 till 2077/02/21 during office hours.
4. Sealed bids must be submitted to the office Sundarharaincha Municipality, Biratchowk, Morang by on or before 12:00 hrs on 2077/02/22. Bids received after this deadline will be rejected.
5. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 2077/02/22 02:00 Hrs at the office of Sundarharaincha Municipality, Biratchowk, Morang. Bids must be valid for a period of 45 days after bid opening and must be accompanied by a bid security amounting to a minimum of Rs. 47,500, which shall be valid for 30 days beyond the validity period of the bid. If bidder wishes to submit the Cash Security, the cash should be deposited in Deposit Account No. 0601501147630031 at Agricultural Development Bank, Indrapur Branch and submit the receipt of the deposited amount of cash along with the Sealed Quotation.
6. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
7. The Purchaser reserves the right to accept or reject, wholly or partly any or all the Sealed Quotations without assigning any reason, whatsoever.

**गौरीगंज गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**गौरीगंज, झापा**
**१ नं. प्रदेश, नेपाल**

**निर्माण कार्यको दरभाउपत्र स्वीकृत गर्ने बारे आशयको सूचना**

**सूचना प्रकाशित मिति २०७६/०२/०७**

प्रस्तुत विषयमा यस गौरीगंज गाउँपालिकाको मिति २०७६/१२/०५ गते र मिति २०७६/१२/११ गते राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचना अनुसार सार्वजनिक खरिद कार्यको रितपूर्वक दर्ता हुन आएका बोलपत्र मध्ये न्यूनतम मूल्याङ्कित सारभुत रुपमा प्रभावग्राही भई निम्न ठेक्का नं. तथा कार्यको लागि तपसिल बमोजिमको बोलपत्रको स्वीकृतीका लागि छनौट गर्न मूल्यांकन समितिबाट सिफारिस भएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ र ३ को प्रयोजनार्थ जानकारी गराइन्छ । साथै सम्बन्धित सवै बोलपत्र दाताहरुलाई ७ दिने आशयको सूचना समेत यसै सूचनाद्धारा जानकारी गराइन्छ ।

तपशिल:

| क्र.स | ठेक्का नं. | कार्यको विवरण | मु.अ. कर सहितको कबोल अंक रू. | सारभुत रूपमा प्रभावग्राही दरभाउपत्र दाताको नाम |
|---|---|---|---|---|
| १ | GRMW/NCB/ WORKS-46/076/077 | Construction of basic health center building works, Gauriganj rm-03 | रु. २७६२१९५.०१ | श्री पाथिभारा निर्माण सेवा |
| २ | GRMW/NCB/ GOODS/02/076-077 | Procurement of egi sheet | रु. २१३२६४९.०० | हुलास स्टील, काठमाण्डौं |

**चुलाचुली गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय, इलाम**
**१ नं. प्रदेश, नेपाल**

**दरभाउपत्र आह्वानको सूचना**

**प्रथम पटक प्रकाशित मितिः २०७७/०२/०७ (20 May 2020)**

यस कार्यालयको आ.व. २०७६/०७७ को तपशील वमोजिमको स्वीकृत कार्यक्रम शीलबन्दी दरभाउपत्रको माध्यमबाट खरिद गर्नु पर्ने भएकाले निर्माण व्यवसायीहरूले निम्न शर्तहरूको अधिनमा रही शिलबन्दी दरभाउपत्र पेश गर्नु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छः

**शर्तहरू**

१. तपशीलमा उल्लेख भएअनुसार दस्तुर (फिर्ता नहुने गरी) चुलाचुली गाउँपालिका कार्यालयको NMB Bank Chulachuli, Ilam शाखामा रहेको स्थानीय तह राजश्व खाता नं. **१०३००६०७४४२०००३०** मा जम्मा गरेको भौचर साथ निर्माण व्यवसायीले व्यवसाय नवीकरण भएको ईजाजत पत्र, आय कर तथा मूल्यअभिवृद्धि कर दर्ता प्रमाणपत्र र आ.व. २०७५/०७६ को करचुक्ताको प्रमाण पत्रको प्रमाणित प्रतिलिपिहरू संलग्न राखी यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ औं दिन **(मिति २०७७/०२/२१ (3 June 2020)** गते कार्यालय समयभित्र **E-Procrument** मार्फत् सार्वजनिक खरिद अनुगमन कार्यालय **(PPMO)** को **website www.bolpatra.gov.np** बाट र कार्यालयमा सम्पर्क राखी **HARD COPY** मार्फत् दरभाउपत्र खरिद गर्न सकिने छ ।

२. खरिद भएको दरभाउपत्र फारमहरू उल्लेख भएका सबै बिवरण रितपूर्वक भरी दरभाउपत्रदाताले प्रत्येक पानामा सही छाप गरी कामको विवरण, दरभाउपत्रदाताको नाम, ठेगाना र फोन नं. समेत स्पष्ट खुलाई तथा फर्मको छाप लगाइ **मिति २०७७/०२/२२ (4 June 2020)** गते दिउसो १२:०० बजेसम्म सार्वजनिक खरिद अनुगमन कार्यालय **(PPMO)** को webpage र कार्यालयमा दर्ता गर्नुपर्नेछ ।

३. दर्ता भएका दरभाउपत्रहरू सोही दिन दिनको १:०० बजे कार्यालयका प्रतिनिधिहरू र दरभाउपत्रदाता वा निजको प्रतिनिधिहरूको रोहबरमा खोलिने छ । दरभाउपत्रदाता वा निजको प्रतिनिधिहरू उपस्थित नभएमा पनि दरभाउपत्र खोल्ने कार्यमा कुनै बाधा पर्नेछैन ।

४. दरभाउपत्र बिक्री तथा दाखिला गर्ने अन्तिम दिन सार्वजनिक बिदा परेमा उक्त कार्यहरू विदाको लगत्तैपछि कार्यालय खुलेको दिन सोही बमोजिम हुनेछ ।

५. शिलबन्दी दरभाउपत्र फारमसाथ जमानत बापत तपशीलमा तोकिएको रकम यस कार्यालयको नाममा रहेको धरौटी खाता नं. **१०३००६०७४४२०००३७** मा रकम जम्मा गरी सक्कल बैंक भौचर वा नेपाल सरकारबाट मान्यता प्राप्त बैंकबाट जारी भएको **७५** दिनको मान्य अवधि भएको बैंक जमानत पेश गर्नु पर्ने छ ।

६. दरभाउपत्रदाताले दरभाउपत्रमा दररेट भर्दा मूल्य अभिवृद्धि **कर बाहेक**को दररेट उल्लेख गर्नु पर्नेछ । दरभाउपत्रमा प्रत्येक Itemwise दर अंक र अक्षर दुवै स्पष्ट लेख्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ । केरमेट भएको ठाउँमा दरभाउपत्र दाताको सहीछाप भएको हुनु पर्नेछ ।

७. यस गाउँपालिकाको हितलाई ध्यानमा राखी कुनै जनाई वा नजनाई पूरा वा आंशिक रुपमा स्वीकृति गर्ने वा नगर्ने अधिकार यस गाउँपालिकामा सुरक्षित रहनेछ ।

८. रित नपुगी वा म्याद नाघी र कुनै शर्त राखी पेश हुन आएका दरभाउपत्रहरू मान्य हुने छैन ।

९. यस सूचनामा उल्लेख नभएका कुराहरूको हकमा सार्वजनिक खरिद ऐन २०६३ र नियमावली २०६४ (संशोधन सहित) तथा प्रचलित कानुन अनुसार हुनेछ ।

१०. यस सूचना चुलाचुली गाउँपालिका कार्यालयको website – chulachulimun.gov.np मा समेत राखिएको छ ।

११. दरभाउपत्र स्वीकृत भएपछि परफरमेन्स बण्डवापत दरभाउपत्रदातले कबोल गरेको अंकको नियमानुसार हुने रकम यसै सूचनाको बुँदा नं. ५ मा उल्लेख भएको खातामा नगद नै जम्मा गरेको सक्कल बैंक भौचर वा यस कार्यालयको पक्षमा न्यूनतम कार्यसम्पन्न गर्नु पर्ने अवधिभन्दा कम्तीमा **४५** दिन बढीको म्याद राखी जारी गरेको बैंक जमानत पत्र पेश गर्नुपर्ने छ ।

१२. कामको गुणस्तर स्वीकृत स्पेशिफिकेशन अनुसार हुनु पर्नेछ । दरभाउपत्रदाताले निर्माण स्थल र सम्पादन गर्ने कामको सम्बन्धमा राम्रोसँग बुझी दररेट भरेको मानिनेछ ।

**तपशील**

| सि.नं. | ठेक्का नं. | कामको विवरण | ल.ई. (भ्याट बाहेक) | दरभाउपत्र जमानत रकम | दरभाउपत्र फारम दस्तुर |
|---|---|---|---|---|---|
| १ | 55/Chulachuli/076/77 | Construction of Khatri Chowk Dekhi Ambar chowk hudai Tinkune Pokhari Samm Uchhastariya Gravel Ward No. 2 Part -2 | ११,५५,५२३ | ३४,००० | १००० |

**प्रमुख प्रशासकीय अधिकृत**

# संक्रमित परिवारको परीक्षण नै नगरी निषेधाज्ञा समाप्त



■ सौर्य समाचार

वीरगञ्ज । पर्सामा एकैपटक ३९ जनामा कोरोना संक्रमण फेला परेपछि निषेधाज्ञा जारी गरिएको थियो । तर, सो निषेधाज्ञा जारी भएको अवधि समाप्त भए पनि संक्रमित क्षेत्रको कोरोना परीक्षण हुन सकेको छैन । ३० वैशाखमा एकैपटक ३९ जनामा कोरोना संक्रमण पुष्टि भएपछि स्थानीय प्रशासनले सोही दिन राती ८ बजेदेखि ५ जेठ राती १२ बसेसम्म निषेधाज्ञा जारी गरेको थियो । स्थानीय प्रशासनबाट निषेध आज्ञा जारी भएको राती नै फेरी थप १८ जना संक्रमण पुष्टि भएको थियो । सोसँगै एकै दिन संक्रमितको संख्या ५७ पुग्यो । ती संक्रमितहरू वीरगञ्ज महानगरपालिकाको विभिन्न वडासहित पर्साको छिपहरमाई गाउँपालिकाका थिए । यसभित्रकै संक्रमित मध्ये दुई जना पत्रकारसमेत थिए ।

त्यसपछि फेरी कालिकामाई गाउँपालिकामा पनि एक जना, सखुवा प्रसौनी गाउँपालिकामा एक जना र वीरगञ्जको मुर्लीमा समेत एक जना संक्रमित फेला परेका छन् । तर यी सबै क्षेत्रमा हालसम्म पिसिआर टेस्टको लागि स्वाब संकलन समेत हुन सकेको छैन । वीरगञ्जको पिसिआर परीक्षणको अवस्थाको बारेमा महानगरका मेयर विजयकुमार सरावगीसँग बुझ्दा यसको बारेमा नारायणीका मेसुसँग नै बुझ्दा राम्रो हुने बताए ।

उनले भने, 'वीरगञ्जमा पिसिआर परीक्षणको अवस्था एकदम दयनीय छ, वीरगञ्जमा १० हजार जति पिसिआर परिक्षण गर्नुपर्नेमा एक दिनमा दुई/तीन सय जति मात्र भइरहेको छ । वीरगञ्जको पिसिआर परीक्षणका लागि संघ र प्रदेश सरकारले ध्यान नदिएका कारणसमेत समस्या भएको उनको भनाइ थियो । नारायणी अस्पतालका मेसु डा.मदनकुमार उपाध्यायसँग बुझ्दा सोमबारदेखि भिटिएम अभावमा पिसिआर परीक्षणका लागि स्वाब संकलन रोकिएको बताए । उनले भने, 'हालसम्म पर्सामा करिब दुई हजार जतिको पिसिआर परीक्षण भएको छ, हाल हामीसँग भिटिएम नभएर रोकिएको हो ।'

हामीलाई प्राप्त जानकारी अनुसार पर्सामा एकै दिन ५७ संक्रमित फेला परेको भोलिपल्ट पत्रकारहरूले आफैँ गएर नारायणी अस्पतालमा स्वाब संकलन गराए जति मात्र पिसिआर परीक्षण भएको छ । त्यसपछि मेसु उपाध्यायको लापरवाहीका कारण पिसिआर परीक्षण हुन सकेको छैन ।

छिपहरमाई गाउँपालिकाको क्वारेन्टाइनमा रहेकाहरूका मध्ये १४ जनामा कोरोना संक्रमण फेला परेको आज सात दिन बित्न लाग्दासमेत पिसिआर परीक्षणका लागि स्वाबसमेत संकलन हुन सकेको छैन । हाल संक्रमित फेला परेको छिपहरमाई गाउँपालिका-५ भिस्वास्थित श्री मंगल माविको क्वारेन्टाइनमा ४७ जना रहेका छन् । संक्रमण फेला पर्नुअघि छिपहरमाई गाउँपालिकाको क्वारेन्टाइनमा रहेकासँगै डिजे बजाएर डान्स गरेको भिडियोसमेत सार्वजनिक भएको थियो । यसका साथै छिपहरमाईका क्वारेन्टाइनमा फेला परेका संक्रमितसँग तिनीहरूका घरपरिवारका सदस्यहरू क्वारेन्टाइनमा आएर भेटे पनि तिनीहरूको समेत स्वाब संकलन हुन सकेको छैन । स्थानीयका अनुसार तिनीहरू खुला रूपमा गाउँमै घुमिरहेका छन् ।

गाउँपालिकाले संक्रमण फेला परेको दिनदेखी नै स्वाब संकलन गरी पिसिआर परीक्षणका लागि निरन्तर पहल गर्दासमेत हुन नसकेको प्रमुख प्रशासकीय अधिकृत देवनाथ साहले बताए । उनले भने, 'हामी जब फोन गर्छौं नारायणीको मेसु साहेब कहाँ तब उहाँ भन्नुहुन्छ भोलि भइहाल्छ तर हुँदैन । हिजो पनि फोन गर्दा आर्मी किट लिन गएका छन्, आएपछि भइहाल्छ र आज पनि गर्दा आर्मी किट लिन गएका छन् आएपछि हुने जवाफ आएको हो', उनले थपे, 'गाउँवासी त्रसित छन्, हामीलाई गालीसमेत गरिरहेका छन् तर संक्रमितको सम्पर्कमा रहेकाहरूको समेत कोरोना परीक्षण नहुँदा झन् त्रास बढाएको छ ।'

यस्तै अवस्था कालिकामाई गाउँपालिका र सखुवा प्रसौनी गाउँपालिकाको समेत रहेको छ । संक्रमण फेला परेको लामो समय हुँदासमेत संक्रमितको परिवारको सदस्यहरूको समेत पिसिआर परीक्षण हुन सकेको छैन । संक्रमितहरू गाउँमा बसे पनि न गाउँ नै सिल गरिएको छ न त कन्ट्याक्ट ट्रेसिङ नै गरी स्वाब संकलन गरी पिसिआर परीक्षण गरिएको स्थानीयहरूले गुनासो गरेका छन् । निषेधाज्ञासमेत हटे पनि पिसिआर परीक्षण नहुँदा संक्रमित क्षेत्रका वासीलाई झन् त्रसित बनाएको छ ।

यस विषयमा पर्सा-१ का संघीय सांसद प्रदीप यादवसँग फोनमा सम्पर्क गर्दा आफूले यसका लागि आज नै प्रधानमन्त्रीसँग भेटन गइरहेको भन्दै पछि कुरा गर्ने बताए । यसबारे पर्साका सहायक प्रमुख जिल्ला अधिकारी ललितकुमार बस्नेतसँग बुझ्नसमेत मोबाइलमा सम्पर्क गर्न प्रयास गर्दा फोन व्यस्त भएको र फोन लागे पनि नउठेका कारण सम्पर्क हुन सकेन ।

# कोरोना रोकथामका लागि सर्वपक्षीय बैठक



■ कृष्ण ओझा

पाँचथर । फिदिममा कोरोना रोकथामका लागि सोमबार बैठक बसेको छ । वाणिज्य संघको हलमा जिल्लास्थित राजनीतिक दल, गाउँपालिका अध्यक्ष, कार्यकारी प्रमुख, सबै सुरक्षा निकायका अधिकारी, स्थानीय प्रशासन, जिससको आयोजनामा बैठक सम्पन्न भएको हो ।

लक डाउको समीक्षा गर्दै भारतबाट आउने नेपाली नागरिकलाई कसरी व्यवस्थापन गर्नेमा जोड दिइएको थियो । लकडाउनलाई कडाइका साथ पालना गर्ने, छलफल भएकोमा लागू गर्नुपर्ने सहभागीले जनाए । जिल्लामा ५ सय ६६ क्वारेन्टाइन रहेका छन् । क्वारेन्टाइनमा हाल ४६ जना रहेको सिडिओ अर्जुनकुमार गुरागाईंले जनाए । गुरागाईंले भने, 'विदेशबाट आएकाको तथ्यांक संकलन गर्न पालिकास्तरीय सर्कुलर गरिएको थियो । अहिलेसम्म नआएकाले चुनौतीरहेको छ ।' उनले बैठकमा चुनौतीका विषयमा कडाइका साथ प्रस्तुत गरेका थिए । संकलित तथ्यांकका आधारमा चुनौतीलाई हल गर्न सकिने उनको भनाइ थियो ।

हालसम्म जिल्लाका क्वारेन्टाइनमा रहेका १ हजार १ सय २८ जनालाई आरडिटी गरिएको स्वास्थ्य कार्यालयले जनाएको छ । यता फिदिम नगरले क्वारेन्टाइनमा रहेका र राख्ने व्यवस्थामा आर्थिक भार पर्ने भएको नगरप्रमुख ओनाहाङ नेम्वाङको भनाइ थियो । फाल्गुनन्द पालिका अध्यक्ष वीरबहादुर कुरुवाङले विगतको अनुभवले गर्दा क्वारेन्टाइनमा राख्दा प्रभावकारी नभएको र सबै पालिकालाई आर्थिक भार पर्ने देखिएको सुझाव प्रस्तुत गरे ।

त्यस्तै फिदिम नगरप्रमुख प्रशासकीय अधिकृत अम्बिका अधिकारीले क्वारेन्टाइन सुधारका लागि सबैको भूमिका महत्वपूर्ण रहने विचार राखे । बैठक पैरवीमा प्रदेश-१ का सभासद सीता थेवेले कोराना रोकथाम र नियन्त्रणमा प्रदेश सरकारले व्यवस्थापनमा कुनै कमी हुन नदिने व्यक्त गरिन् । सबै एकै ठाउँमा उभिएर सामना गर्नुको विकल्प पनि नरहेको थेबेको भनाइ थियो ।

त्यस्तै संविधानसभा सदस्य आइन्द्र सुन्दर नेम्वाङले सरकारले भारतबाट आएका नेपालीलाई पिसिआर गरी पालिका पालिकामा व्यवस्थापन गर्नु बुद्धिमानी हुने विचार प्रस्तुत गरे । लकडाउनसँगै खाडीमुलुकबाट आउने नेपालीलाई व्यवस्थापनका लागि बैठक बसेको हो ।

सोमबार बसेको बैठकले भारतबाट प्रवेश गरेकाहरूलाई आरडिटी गराई पाँचथर प्रवेश गर्ने र अनिवार्य क्वारेन्टाइनमा राख्ने, वडास्तरीय सर्वदलीय तथा सामुदायिक सहभागितामार्फत बाहिरबाट आएकालाई व्यवस्थापन गर्नुपर्ने, ग्रामीण क्षेत्रबाट आएका बजारक्षेत्रमा आउने ढुवानीका लागि पासको व्यवस्था गर्नुपर्ने, सीमा क्षेत्रबाट पैदल नै पाँचथर प्रवेश गर्नेलाई स्थानीयतहहरूले स्थानीय सुरक्षाकर्मीको सहयोगमा रोक लगाउने, क्वारेन्टाइन संख्या नगरपालिकाले पाँच सय बेड संख्या र गाउँपालिकाले सय बेड संख्या बनाई व्यवस्था मिलाउनेसमेत निर्णय गरेको छ । बैठक जिसस प्रमुख विष्णुप्रसाद सापकोटाले सञ्चालन गरेका थिए । बैठक र पैरवीमा रेडक्रस, वाणिज्य संघ, जिल्लाका सरोकार निकायहरूको सहभागिता रहेको थियो । उक्त बैठकमा भारतीय सीमा स्तम्भ मिचिएका विषयमा समेत छलफल गरिएको थियो ।

# क्वारेन्टाइनमा बसेका भारतीयलाई भारत पठाइयो

■ सौर्य समाचार

वीरगञ्ज । नेपालमा लकडाउन सुरु भएदेखि घर जान नपाई वीरगञ्जमा करिब ५० दिनदेखि फसेका १ सय ९८ भारतीयलाई मंगलबार भारत सरकारको जिम्मा लगाएर पठाइएको छ । आइसिपीमा वीरगञ्जस्थित भारतीय महावाणिज्य दूतावासका वाणिज्यदूत नितेशकुमारको रोहबरमा भारत बिहारको पूर्वी चम्पारण जिल्लाका डिएम सर्वत अशोक कपिललाई जिम्मा लगाएर पठाइएको प्रहरी उपरीक्षक गंगा पन्तले बताए । त्यस अवसरमा पर्साका प्रमुख जिल्ला अधिकारी विष्णुकुमार कार्की, सशस्त्र प्रहरी उपरीक्षक कुँवर पनि उपस्थित थिए ।

वीरगञ्जको ठाकुरराम बहुमुखी क्याम्पसको क्वारेन्टाइनमा चैत दोस्रो सातादेखि राखिएका ९८ र वीरगञ्जस्थित आफन्तको घरमा बसेका सय जनालाई भारत पठाइएको हो । वीरगञ्जस्थित एकीकृत भन्सार जाँचचौकी आइसिपी नाकामा भारतीय अधिकारीको जिम्मा लगाएर पठाइएको पर्साका प्रहरी उपरीक्षक गंगा पन्तले जानकारी दिए । उनीहरूलाई लिन भारतबाट आइसिपीमा सात वटा बस आएको थियो । त्यही बसमा चढेर भारतीय आफ्नो घर फर्किएका हुन् ।

लकडाउनमा नेपाल-भारत नाका बन्द रहेका कारण नेपालका विभिन्न स्थानबाट घर फर्कने भनेर वीरगञ्ज आइपुगेका कतिपय भारतीयहरू वीरगञ्ज र आसपासको स्थानमा रहेका आफन्तको घरमा बसेका थिए । लकडाउनका कारण घर फर्कन नपाएका १ सय ९८ जना पठाइएको ग्रिन सिटी सामुदायिक सेवा केन्द्र आदर्श नगरका अध्यक्ष प्रकाश खेतानले जानकारी दिए । ठाकुररामको क्वारेन्टाइनमा ५० दिनसम्म राखिएका भारतीयको लागि खाना र खाजाको निःशुल्क प्रबन्ध ग्रिन सिटी सामुदायिक सेवा केन्द्रले नै गरेको थियो ।

# अर्घाखाँची जिल्ला सिल

■ हृदय भुसाल




अर्घाखाँची । मंगलबार राती १२ बजेदेखि अर्घाखाँची जिल्ला सिल गरिने भएको छ । मंगलबार बसेको जिल्ला सुरक्षा समितिको बैठकले जिल्लालाई सिल गर्ने निर्णय गरेको प्रमुख जिल्ला अधिकारी विजयराज पौडेलले बताए ।

छिमेकी जिल्लाहरूमा कोरोना संक्रमित बढ्दै गएको र सोमबार कोरोना संक्रमित पुष्टि भएका गुल्मीका एक जना पुरुष अर्घाखाँची जिल्लाको सदरमुकाममा रहेको छाया पोलिक्लिनिकमा स्वास्थ्य चेक गराई बुटबल रिभर भएसँगै अर्घाखाँचीमा थप जोखिम भएकोले जिल्लालाई सिल गरेको स्रोतको भनाइ रहेको छ । जिल्लामा अब अत्यावश्यक बाहेकका सवार साधन सञ्चालन तथा यात्रुलाई हिँडडुल गर्न नपाउने र लकडाउनमा थप कडाइ गर्ने सहायक प्रमुख जिल्ला अधिकारी बिक्रम थापाले बताए । कपिलबस्तुबाट अर्घाखाँची सीमाक्षेत्र सिमलपानी, ठाडा, डोहोटे लगायत स्थानबाट भारतबाट आएकाहरू चोरबाटो हुँदै भित्रिने भएकाले त्यहाँ विशेष निगरानी राखिने र कपिलबस्तु प्युठान, गुल्मी, पाल्पाका सबै नाकामा व्यापक सुरक्षाकर्मी परिचालन गर्ने थापाले बताए ।

छाया मेडिकलबाट रिभर भएका गुल्मी मदाने गाउँपालिकाका एक जना शिक्षकमा कोरोना पुष्टि भएपछि त्यहाँ कार्यरत सबै स्वास्थ्यकर्मी, कर्मचारीको पिसिआर परीक्षणका लागि स्वाब भैरहवा पठाइएको अर्घाखाँची अस्पतालका प्रमुख कपिल गौतमले बताए । उनीहरूको स्वाब परीक्षणको रिपोर्ट नआउँदासम्म पोलीक्लिनिकलाई सिल गरिएको स्रोतले बताएको छ । पछिल्लो समय भारतबाट लुकिछिपी जिल्ला प्रवेश गर्नेको संख्या बढिरहेकोले जिल्लामा जोखिम बढेको हुँदा त्यसलाई कडाइ गरिने र भारतबाट आएकालाई पालिकाले निर्माण गरेका क्वारेन्टाइनमा राखिनेसमेत अधिकारीले बताए ।

जिल्ला प्रशासनका अनुसार सदरमुकाम लगायतका जिल्लाका बजार क्षेत्रमा खाद्यबस्तु तरकारी लगायतका पसलहरू बिहान ७ देखि १० बजेसम्म मात्र खुल्ने जानकारी दिएको छ । कोभिड-१९ को संक्रमण बेढसँगै जिल्लामा बन्द अवस्थामा रहेका वित्तीय संस्थाहरू पनि अर्को सूचना नभएसम्म बन्द नै हुने भएका छन् । जोखिम थपिएकाले जिल्लालाई सिल गरेसँगै थप कडाइ गरिनुपर्ने स्थानीय सरोकारवालाहरूले बताएका छन् ।

# संघ र प्रदेशबाट सहयोग पाइएन : स्थानीय सरकार

■ सौर्य समाचार

वीरगञ्ज । सर्वदलीय नेताहरूको अगुवाइमा कोरोनाविरुद्धको लडाइँ कसरी जित्न सकिन्छ भन्ने विषयलाई लिएर मंगलबार स्थानीय सरकारका प्रमुखहरूबीच छलफल भएको छ । छलफलको क्रममा गाउँपालिका र नगरपालिकाका प्रमुखहरूले आफूहरू झमेलामा फसेको बताए । छलफलमा कोरोनाविरुद्ध अहिलेसम्म गरेका कामबारेमा बताउँदा स्थानीय तहका प्रमुखहरू कोरोना महामारीमा अतिविपन्न, गरिबभन्दा उनीहरू बढी विपत्मा परेकोजस्तो देखिएका थिए ।

वीरगञ्जको नगर सभागृहमा सम्पन्न सर्वदलीय नेता तथा स्थानीय सरकारबीच छलफलको क्रममा कोरोनाविरुद्धको लडाइँसँगै किसानहरूलाई आवश्यक मल, बिउ, डिजेल उपलब्ध गराउनेबारे विमर्श भएको थियो । छलफलको क्रममा नेपालीहरू सीमामा आएर रोकिएका र उनीहरूलाई नेपाल भित्र्याउन चुनौती रहेको स्थानीय तहका प्रमुखहरूले बताएका थिए । महामारीको वेला संघ, प्रदेश र स्थानीय सरकारबीच समन्वय नहुँदा अवस्था विकराल बनिरहेको स्थानीय सरकारका प्रमुखहरूले जानकारी गराए । लकडाउन जारी भएको करिब दुई महिनामा अहिलेसम्म स्थानीय सरकारसँग संघ र प्रदेश सरकार कसैले समन्वय नगरेको उनीहरूले बताए । छलफलमा भाइरसविरुद्धको लडाइँसँगै विकास निर्माणका कार्य पनि अगाडि बढाउन सुझाव दिइएको थियो ।

सो क्रममा स्थानीय तहबाट आएका संक्रमितहरूलाई राख्न समस्या भइरहेको वीरगञ्ज महानगरपालिकाका प्रमुख विजयकुमार सरावगीले बताए । पर्साका स्थानीय तहका प्रमुखहरूले पनि आर्थिक सहयोग गर्न महानगरप्रमुख सरावगीले आग्रह गरे । नेपाल सरकारले अहिलेसम्म एक हजार भिटिएम किट पठाए पनि तत्काल पाँच हजार किटको आवश्यकता रहेको उनले बताए । महानगरले भ्याएसम्म काम गरिरहेको र दुई हजार शचयाको क्वारेन्टाइनको व्यवस्थामा अगाडि बढेको उनले बताए । स्थानीय तहका प्रमुखहरूले दिशानिर्देश दिने व्यक्ति कोही नभएको कारण आफूखुसी काम गरिरहेको बताए । उनीहरूले संघ र प्रदेश सरकारले राहतको नाममा स्थानीय तहमा झगडा लगाउने काम गरिरहेको बताए ।

छलफलमा १४ वटै स्थानीय तहका प्रमुखले छुट्टै भिटिएम किटको व्यवस्था गर्न माग गरेका थिए । उनीहरूले गाउँमा मल, बिउ, डिजेलको हाहाकार भएको र स्थानीय प्रहरी प्रशासनसँग समन्वय गर्दा चासो नदेखाएको बताएका थिए । खेत जोतिरहेको ट्र्याक्टर नियन्त्रणमा लिई जरिवाना गरिरहेकोमा सो कार्य रोक्न माग गरेका थिए । पर्साका प्रमुख जिल्ला अधिकारी विष्णु कार्कीको नेतृत्वहीन कामप्रति दुःख व्यक्त गर्दै स्थानीय तहका प्रमुखहरूले तत्काल सरुवाको माग गरे । प्रहरी ज्यादतीविरुद्ध स्थानीय जनता आजित भएको र सो कार्य तत्काल रोक्न पनि माग गरेका थिए ।

बैठकमा नेपाली कांग्रेसका अजय द्विवेदी, नेकपाका प्रभु हजरा, जनता समाजवादी पार्टीका रामनरेश यादव, प्रदेश सांसद जन्नत अन्सारी, मन्जुर आलम, प्रह्लाद गिरी, करीमा बेगम, सिंहासन साह कलवार, शंकर चौधरी, रमेश पटेल, भीमा यादवलगायत १४ वटै स्थानीय तहका प्रमुखहरूको सहभागिता थियो ।

www.souryaonline.com
का.जि.प्र.का.द.नं. ०११/०५३/०५४ म.क्षे.हु.नि.द.नं. १६/०७३/७४

# अनलाइनमा 'कलाका कुरा'

■ सौर्य समाचार





काठमाडौं । नेपाल ललितकला पत्रकार समाज (सोफाज) को नियमित कार्यक्रम 'कलाका कुरा' मा कलाकारद्वय विक्रम श्री र एचबी रम्तेल सुनिएका छन् । 'वर्तमान नेपाली कलाको अवस्था' विषयमा भएको उक्त कार्यक्रम अनलाइनमार्फत गरिएको थियो ।

इटहरीमा रहेर कला साधना गरिरहेका कलाकार विक्रम श्री र बुटवलमा रहेर कलाकर्म रहेका कलाकार एचबि रम्तेलले नेपाली कलाले अन्तर्राष्ट्रिय ख्याति कमाउँदै गएको बताए । उनीहरुले मोफसलमा कलाको अवस्थाका बारेमा बताउँदै कला विकासमा राज्यले विशेष ध्यान दिनुपर्नेमा जोड दिए। नेपाली कलालाई स्थानीय तहसम्म लैजान राज्यले विशेष पहल लिनुपर्ने कलाकार विक्रम श्रीले बताए । उनले भने, 'विश्व नै कोरोना महामारीका चपेटामा परिरहेका बेला कला क्षेत्र पनि संकट परेको छ। तसर्थ यस क्षेत्रलाई उठाउन स्थानीय तहबाटै काम गर्नुपर्दछ ।' उनले स्थानीय कला र संस्कृतिलाई उठाउन सकिएमात्रै नेपाली कलाको मौलिकता बच्ने र त्यसले पहिचान स्थापित गर्न सहयोग पुग्ने बताए ।

त्यस्तै, कलाकार रम्तेलले नेपाली कलालाई आममानिससमक्ष लैजान स्थानीय तहले विस्तारै योजनाबद्ध काम गरिरहेको बताए । उनले भने, 'कलाको विकास स्थानीय तहबाटै हुनुपर्दछ । यसका लागि तलैबाट जग बलियो बनाउनुपर्दछ। कलाले राज्यको मौलिकतालाई चिनाउने मात्रै नभइ इतिहासलाई समेत जीवन्त बनाउन महत्वपूर्ण भूमिका खेल्छ । त्यसकारण कलाको विकासका लागि राज्य गम्भीर बन्नुपर्दछ ।'

यस्तै, समाजको आयोजनामा अनलाइन कला लेखन कार्यशालासमेत भइरहेको छ । कला विषयमा लेखन तथा पत्रकारिता तथा लेखन गरिरहेका व्यक्तित्वलाई लक्षित गरी कार्यशाला गरिएको समाजका अध्यक्ष केशव राज खनालले बताए । उक्त कार्यशालामा कलाकार तथा लेखक देवेन्द्र थुम्केलीले कलाका सैद्धान्तिक व्यवहारिक पक्षमा केन्द्रित रही प्रशिक्षण दिएका छन् । उक्त कार्यशालामा कलाको ऐतिहाासिक विकासक्रम, सभ्यता र संस्कृतिको कलामा प्रभावका विषयमा जानकारी दिइएको छ। त्यस्तै, कलाका सैद्धान्तिक तथा व्यवहारिक पाटाका बारेमा अवगत गराउँदै कला लेखनमा रङ, प्रकृति, समाज, धर्म, राजनीति, इतिहास लगायतका पक्षको भूमिकाका बारेमा चर्चा गरिएको थियो ।

कार्यशालामा कलाका शैली तथा विषयगत पक्षमाथि चर्चा गर्दै थुम्केलीले कला लेखनमा फर्म (स्वरुप) र सार (विषय) कसरी बुझ्ने र तिनको व्यवहारिक प्रयोग कसरी गर्ने बारेमा चर्चा गरे । उनले भने, 'कला दृश्यभाषा र अनुभूतिको भाषा भएकाले यसलाई सबै दर्शक तथा मानिसले सहजै ग्रहण गर्न सक्छन् । मानवीय संवेग र व्यक्तिगत पहिचानका रुपमा कलाले मानिसलाई फरक देखाउँछ ।'

कलाका तत्व, आधारभूत सिद्धान्त, रङ तथा शैलीको सामान्य जानकारी हुनुपर्ने बताउँदै थुम्केलीले कला दृश्यभाषा भएकाले यसलाई सम्प्रेषणीय बनाउन रुप र भाव पक्षका बारेमा ज्ञान हुनुपर्ने जिकिर गरे । उनले कलामा कलाकारको सोच, समकालीन परिवेश, सामाजिक, राजनीतिक तथा आर्थिक अवस्था, धर्म तथा संस्कृति, इतिहास, पुरातत्व, प्रकृति/वातावरण लगायतका विषयलाई उतारिने धारणा व्यक्त गरे। उनले यी विषयको पहिचान लेखक तथा पत्रकारले गर्न सक्नुपर्ने धारणा राख्दै प्रकृतिपरक, यथार्थपरक, आदर्शपरक, ढाँचाकृत, नाटकीकृत, अमूर्त, आकृतिमूलक लगायतका विषयमा चर्चा गरेका थिए ।

कोभिड-१९ का कारण कलाका गतिविधि कम भएकाले समाजले अनलाइनमार्फत कला लेखन तथा बहसका कार्यक्रम गरेको अध्यक्ष खनालले बताए । उनले वैश्विक महामारीमा कलाकारहरु सिर्जनामा सक्रिय रहेको र यो विषम परिस्थितिको अन्त्यपछि नेपाली कलालाई कसरी अगाडि लैजान सकिनेमा समाज चिन्तनशील रहेको विचार व्यक्त गरे । उनले भने, 'कलाकारले सिर्जना गरेका कलाकृति र तिनका परिवेश पत्रकार तथा लेखकका लागि लेखनका सामग्री हुनसक्छन् ।' उनले अहिलेको अवस्थामा कला क्षेत्रका विविध पक्षमाथि चर्चा गर्दै यस क्षेत्रलाई क्रियाशील बनाउन यस्ता कार्यक्रम फलदायी हुने अपेक्षा समाजले लिएको खनालले जिकिर गरे। बहस र लेखन कार्यशालाले कला क्षेत्रको आयामलाई फराकिलो बनाउन मद्दत पुग्ने समाजका कोषाध्यक्ष दिवेश प्रधानले बताए । कार्यक्रमलाई अनलाइनमा सहजीकरणका लागि प्रोसिस सोलुसनले प्राविधिक सहयोग गरिरहेको छ ।

# फिल्म 'गाजा एडिक्ट' युट्युबमा



■ समैर्य समाचार

काठमाडौं । कोरोनाको कहरका कारण ठुलापर्दा फिल्म रिलिज, छायाँकन लगायत सबै काम रोकिएका छन् । धेरै पहिले निर्माण भएर सार्वजनिक प्रदर्शनमा समेत आइसकेका फिल्म युट्युवबाट सार्वजनिक हुनु बाहेक अहिले ठुला पर्दाका फिल्मको कुनै पनि गतिविधि भएको छैन ।

यस्तो समयमा युट्युव तथा महोत्सवका लागि लक्षित गरेर भने विभिन्न छोटा फिल्म बन्ने र सार्वजनिक हुने क्रम भने दिन प्रतिदिन बढ्दो छ । यस्तैमा रोशन दाशको निर्देशनमा दुई छोटो फिल्म बनेको छ । फिल्म हुन ' ओयजा' र 'गाजा एडिक्ट' ।

रेज इन्टरटेनमेन्टको प्रस्तुति रहेको छोटो हरर फिल्म 'ओयजा' को अहिले टिजर मात्र सार्वजनिक गरिएको छ । फिल्ममा रोशन, अनिश, सुनिल, विशाल केसी र कमला तामाङको अलवा बाल कलाकार गुनगुन दासको समेत अभिनय रहेको छ ।

फिल्म छिट्टै नै युट्युवमार्फत सार्वजनिक गर्ने निर्देशक दासले बताए । यस्तै 'गाजा एडिक्ट' भने युट्युवमा सार्वजनिक भएको छ । लागूपदार्थ प्रयोगकर्ताको जीवनमा आउने उतार चढावको विषयमा निर्माण भएको यो फिल्ममा कलाकार सुनिल गजमेर, अनिश पञ्च र सन्दिप कपालीको अभिनय देख्न सकिन्छ ।

लकडाउनको समय मानिसलाई घरमै टाइमपास गर्न सजिलो होस् भन्ने हेतुले छोटा फिल्महरु युट्युवमार्फत सार्वजनिक गरिरहेको निर्देशक दासले बताए ।

# सुब्बाले ल्याए 'आँखा राम्रो मृग जस्तो'



■ सौर्य समाचार

काठमाडौं । प्रवासमा रहेर सांगीतिक क्षेत्रमा लागेका समुन्द्र केसीको प्रस्तुति 'आँखा राम्रो मृग जस्तो हरिण झैं त्यो चाल' बोलको गीत सार्वजनिक भएको छ । लिप्सिङसहितको अडियो युट्युवमार्फत सार्वजनिक गरिएको उक्त गीतमा कैलाश क्रान्तिको संगीत तथा कृष्णभक्त राईको एरेन्ज रहेको छ । गायक निर्मल सुब्बा लगायतको स्वर समेटिएको गीतकार केसीले बताए । गायक सुब्बाले तीन दर्जन बढी गीतमा स्वर भरिसकेका छन् भने केही लिम्बु भाषाका गीतसमेत गाएका छन् । गायक सुब्बा भन्छन्, 'गीत, संगीत पेशा नभएर आफ्नो रहर र आत्म सन्तुष्टिको लागि गाउने गरेको हुँ ।'

गायक सुब्बाले यस गीतको म्युजिक भिडियो केही समयपछि निर्माण गर्ने जानकारी दिए ।

# टिकटकमा वर्षाको इन्ट्री



■ सौर्य समाचार

काठमाडौं । नायिका वर्षा शिवाकोटी पहिले टिकटकको 'खुंखार विरोधी' थिइन् । स्थापित कलाकारहरूले टिकटकमा अभिनय गरेर आफूलाई सस्तो बनाउनुहुँदैन भन्ने उनको मान्यता थियो । तर, अहिले उनले पनि टिकटकमा इन्ट्री मारेकी छिन् ।

टिकटकमा आउनुको कारणबारे उनले भनिन्, ' मलाई धेरै साथीभाइ र दर्शकहरूले टिकटकमा आउन आग्रह गरिरहनुभएको थियो । पहिल्यै इन्ट्रेस्ट लागेको थिएन । तर, अहिले यो निकै ठूलो प्लेटफर्म भइसकेको रहेछ । त्यसैले आफ्नो चलचित्र र म्युजिक भिडियोको प्रमोसन पनि गर्न सकिन्छ भन्ने हिसाबले आएकी हुँ । म जे पायो त्यही भिडियो पोस्ट गर्दिनँ ।'

टिकटकले गर्दा नायिकाहरु सस्तो भए भनेर पहिले गुनासो गर्ने तपाईं नै होइन र ?' भन्ने प्रश्न गर्दा उनले जवाफ दिइन्, 'हो, पहिले मलाई त्यस्तो लागेको थियो । केही कलाकारहरुले यसलाई आवश्यकताभन्दा बढी प्रयोग गरिरहेको महसुस गरेकी थिएँ । तर, अब यो प्लेटफर्मले ठूलो रुप लिइसक्यो । यसबाट टाढा बसिरहन सक्ने अवस्था भएन ।' उनले तीन-चार दिनअघि मात्रै टिकटक एप्लिकेसन मोबाइलमा डाउनलोड गरेको बताइन् । हेर्दै जाँदा रमाइलो लागेपछि आफूलाई पनि बनाउन रहर लागेको उनको भनाइ छ ।

## ॥ खेलकुद ॥

# कराँते भिडियो च्यालेन्जमा थामी पहिलो



■ सौर्य समाचार

काठमाडौं । नेपाल वादोरियो कराते डो संघ ब्ल्याक बेल्ट कमिटीको आयोजनामा लकडाउनको समयमा घर भित्र रहेर गरिने शारीरिक ब्यायामहरुको भिडियो प्रतिस्पर्धामा बिकबहादुर थामी पहिलो भएका छन् ।

थामीले ६५ प्रतिस्पधीलाई पछि पार्दै पहिलो स्थान हात पार्न सफल भएको हो । हिक्मत रोक्का मगरको भिडियोले दोस्रो तथा शान्ति तामाङको भिडियोले तेस्रो स्थान हासिल गरेको छ । पहिलो भएका थामीले ५ हजार, दोस्रो भएको हिक्मत मगरले २ हजार ५ सय तथा तेस्रो भएको शान्ति तामाङले १ हजार ५ सय हात पारिन् ।

गत २० बैशाखबाट ५ जेठसम्म भएको प्रतिस्पर्धामा ६५ जनाले भिडियो पठाएर प्रतिस्पर्धा गरेका थिए । कम्तीमा १ मिनेट समय भन्दा माथिको भिडियो कराते नेपाल समूहमा पोष्ट गरेर सहभागिता जनाएका थिए । प्रतियोगिता नेपाल कराते महासंघ महासचिव, नेपाल वादोरियो कराते डो संघका अध्यक्ष एवम् प्रमुख प्रशिक्षक हरिशरण केसीको विशेष निर्देशनमा आयोजना गरिएको थियो । उनले भिडियो प्रतिस्पर्धा जित हारको लागि भन्दा पनि हामी हाम्रो स्वास्थ्य प्रति कतिको सचेत छौ हामीले जानेका शारीरिक ब्यायामको अभ्यास परिवारका सदस्यहरु माझ कसरी सिकाउन सक्छौं भन्ने उदेश्यले गरिएको बताए ।

नेपाल वादोरियो कराते डो संघका केन्द्रिय सदस्य एवम् अन्तर्राष्ट्रिय खेलाडी सिमोन खत्री र ब्ल्याक बेल्ट कमिटीका सचिब पुरुषोत्तम पोखरेलले संयोजन गरेका थिए । यस्ता प्रतिस्पर्धाले लक डाउनको बेला ट्रेनिङ स्थल सम्म आएर ट्रेनिङ गर्न नपाएका खेलाडीहरुको मनोबल उच्च पार्ने हुँदा आगामी दिनमा पनि यस्ता प्रतिस्पर्धाहरु गर्दै जाने कुरा संयोजक पोखरेलले बताए ।

# रोनाल्डो युनाइटेडमा हुँदै रियल म्याड्रिड जान चाहन्थे

■ एजेन्सी

लण्डन । डेढ दशक भन्दा लामो व्यावसायिक खेल जीवनमा सुपर स्टार क्रिस्टियानो रोनाल्डोले धेरै सफलता प्राप्त गरेका छन् । जो कोहि खेलाडीका लागि पनि उनको सफलता चुनौतीको पहाड नै हुनेछ। अहिले युभेन्ट्समा रहेका रोनाल्डोले रियल म्याड्रिडमा नौं सिजन बिताएका थिए ।

त्यसअघि उनी म्याननचेस्टर युनाइटेडका महत्वपूर्ण खेलाडी रहेका थिए । उनले युनाइटेड रहँदा रियल जान चाहेको कहिले नलुकाएको उनका सहकर्मी नानीले स्मरण गरेका छन् । रोनाल्डोले सन् २००७/०८ मा च्याम्पियन्स लिग जितेपछि रियल जाने बताएका थिए । तर प्रशिक्षक एलेक्स फर्गुसनले रोनाल्डोलाई अर्को एक वर्ष क्लबमा रहनका लागि मनाएका थिए । जसको फलस्वरुप युनाइटेडले २००८/०९ को प्रिमियर लिग उपाधि जितेको थियो ।

अर्को सिजन रोनाल्डो रियलमा आबद्ध भएका थिए । त्यति बेला उनी ८० मिलियन पाउन्डको विश्व कीर्तिमानी रकममा अनुबन्धित भएका थिए । यद्दपी उनले आफू नयाँ क्लब जान चाहेको कहिल्यै नलुकाएको नानीले बताएका छन् । 'हामी (रोनाल्डो, एन्डरसन र नानी) प्रशिक्षणको अन्तिमसम्म सँगै हुन्थ्यौं । सबैका मिल्ने साथी हुन्छन्', उनले भने, 'त्यसमा पनि केहिलाई त्यस्ता साथीमा निकै सहज हुन्छ । त्यस्ता साथीले एक अर्कोलाई साथ दिन्छन् ।'

नानीले रोनाल्डोले भनेको स्मरण गर्दै भने, 'एक दिन उनले हामीलाई खुला रुपमा भने । म यहाँ ६/७ वर्षदेखि छु । मलाई लाग्छ अब यहाँ पुग्यो । उनले एक दुई पटक त्यस्तो भनेका थिए । तर हरेक पल्ट उनी भन्थे । अब हेर्छु । मलाई लाग्दैन थियो किन उनी त्यति छिट्टै रियल जानेछन् । हामीले लिग जितेको अर्को वर्ष उनीले क्लब छाडे । उनले राम्रो प्रदर्शन गरेर छाडेका थिए । म अहिले पनि आश्चार्यमा छु ।'

२००७ को मार्चमा रोनाल्डो एक दिन स्पेनमा खेल्न चाहेको सार्वजनिक रुपमै स्वीकार गरेका थिए । यद्दपी त्यति बेला उनले आफु युनाइटेडमा खुसी रहेको पनि सुनाएका थिए। फुर्गसनले त्यति बेला पनि रोनाल्डोलाई रोक्न चाहेका थिए। तर उनी रोकिएनन्। उनले रियलमा इतिहास बनाए । रियलमा उनले क्लबको सर्वाधिक गोलकर्ता बन्नुका साथै चार पटक च्याम्पियन्स लिग र चार पटक बालोन डी ओर उपाधि जितेका थिए ।

# 'पैसाकै लागि बार्सिलोना गएको थिएँ'



■ एजेन्सी

लण्डन । बार्सिलोनाले सन् २०१२/१३ को सिजन स्पेनिस ला लिगा उपाधि जित्दा टोलीमा रहेका मिडफिल्डर एलेक्स संगले आफू पैसाकै लागि भनेर क्याटलान क्लबमा अनुबन्ध भएको बताएका छन् ।

क्यामरुनको राष्ट्रिय टोलीबाट लामो समय खेलेका संग इंग्लिस क्लब आर्सनलबाट बार्सिलोना पुगेका थिए । आर्सनलका लागि २ सय भन्दा बढी खेल खेलेका संगले बार्सिलोनामा एक सिजन बिताउँदै २० खेल खेले । उनले करीअरको एकमात्र ट्रफीका रुपमा बार्सिलोनाबाट नै स्पेनिस लिगको उपाधि जितेका थिए । संगले बार्सिलोनाले अनुबन्ध गर्ने इच्छा देखाउने बितिक्कै आफू त्यहाँ जान राजी भएको बताए । ' मैले आर्सनल करीअर भरमा पनि १ लाख पाउँद बचत गर्न सकिन । मेरो तलब मासिक १५ हजार थियो र बाहिर मानिसले मलाई अर्बपति छु भन्ने सोच्थे,' उनले भने, ' बार्सिलोनाले सम्पर्क गर्नेबितिकै मैले आफू तयार रहेको बताएँ । मैले करीअर सकिएपछि आफ्नो परिवारको लागि भनेर नै पैसा कमाउने सोचले त्यहाँ पुगें ।'

'मैले सम्झौता गर्नुअघि नै बार्सिलोनाका खेलकुद निर्देशकलाई भेटेको थिएँ । उनले मलाई धेरै खेल्न नपाउने जानकारी दिएका थिए । मलाई त्यसबारे मतलब थिएन । मलाई पैसा कमाउनु थियो र त्यसैसँग मतलब राखें,' उनले थपे, '२० वर्षको उमेरमा फरारी चढ्ने धनि हुँदैन । ५० वर्षको उमेरमा पनि बेन्टली चढ्ने छ भने उसलाई सम्मान मिल्छ ।' संगले त्यसपछिको दुई सिजन बार्सिलोनाबाट लोनमा इंगलिस क्लब वेस्ट ह्याममा बिताए । उनले वेस्ट ह्याममा खेलेपनि बार्सिलोनाले उनको तलब पूरै बेहोरेको थियो । त्यसपछि सन् २०१६ मा रसियाली क्लब रुबिन काजान पुगेका उनले सन् २०१८ मा स्विटजरल्यान्डको सियोनबाट खेले ।

सृजना इन्टरनेशनल मिडिया प्रा.लि.द्वारा प्रकाशित । कार्यालय, पानीपोखरी, काठमाडौं, फोन: ०१४४२०१९५, पो.बनं.: १०३७८, इमेल: info@souryadaily.com, मुद्रणः एक्सप्रेस कलर प्रेस, बुद्धनगर, निर्देशक : वसन्तनाथ पन्त, प्रधान सम्पादकः बोधराज त्रिपाठी